# सेवा केन्द्र सञ्जालको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

## १. भूमिका

**घरेलु हिंसा** सामाजिक चिन्ता बनिरहेको छ । **घरेलु हिंसा**बाट प्रायः महिला नै प्रभावित हुने गरेका छन् । कतिपय **प्रभावित महिला** एक्कासी घरबाट निकालिने गरेको र कहीँ कतै थात-बास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ ।

आफन्त भन्दैमा महिलाले प्रताडित हुनुपर्ने स्थिति कदापि हुनुहुँदैन । महिला हिंसाविरुद्ध शून्य सहनशीलता हुनुपर्दछ । महिला स्वयम्ले, परिवारका सज्जनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ ।

सँगसँगै **प्रभावित महिला**लाई तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ ।

## २. उद्देश्य

महिला संस्थाहरूको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारवादी सोचबाट **प्रभावित महिला**का लागि छिमेकी सहयोग एवं समुदायदेखि सदरमुकामसम्मका यथाशक्य उपचारात्मक सेवाहरू सुलभ गराएर न्याय दिलाउनु सेवा केन्द्र सञ्जालको उद्देश्य हो ।

## ३. कार्यक्षेत्र

**समन्वय समिति**ले अन्यथा तोकेकोमा बाहेक –

(क) नपास्थित सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्र सम्बन्धित नपा हुनेछ;

(ख) गाविसस्थित सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्र सम्बन्धित गाविसका साथै सीमाना जोडिएका छिमेकी गाविसभरि हुनेछ  र

(ग) जिल्ला सेवा केन्द्रको कार्यक्षेत्र जिल्लाभित्र सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्रमा परेका गाविस/नपाभरि हुनेछ ।

## ४. कार्यजिम्मेवारी

सञ्जालअन्तर्गत जिल्ला तथा सामुदायिक सेवा केन्द्रहरूको कार्यजिम्मेवारी देहायबमोजिम हुनेछ :

### ४.१ जिल्ला सेवा केन्द्र

जिल्ला सेवा केन्द्र सदरमुकामका जिल्लाभित्र सञ्जालको समन्वय-बिन्दुको रूपमा रहनेछ । जिल्ला सेवा केन्द्रको क्षेत्रमा देहायका कार्यहरू पर्नेछन् :

(क) निर्धारित प्रक्रियाबाट सम्प्रेषित **प्रभावित महिला**का लागि स्वीकृत मापदण्डमुताबिकको बस्ने-खाने व्यवस्था भएको सुरक्षित अल्पकालीन आश्रय सञ्चालन गर्ने;

(ख) खण्ड (क) बमोजिम आरक्षित महिलाले निजको अवस्थाअनुसार सदरमुकाममै प्राप्त गर्नुपर्ने निम्नलिखित सेवाहरू प्रदान गर्ने :

- लागेको चोटपटकको औषधोपचार;
- मनोसामाजिक विमर्श;
- न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा;
- कानुन कार्यान्वयन गर्ने निकायहरूसँग सम्पर्क सेवा र
- **समन्वय समिति**ले तोकेका अन्य सेवा;

(ग) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित **प्रभावित महिला**का हकमा पनि भनिएका सेवा दिने;

(घ) सेवाप्राप्त **प्रभावित महिला**लाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापनालगायतमा समुदायस्तरबाट हुनुपर्ने सहजीकरणका लागि सम्प्रेषक सामुदायिक सेवा केन्द्रलाई खबर गरी फिर्ता सम्प्रेषण गर्ने;

(ङ) खण्ड (घ) बमोजिम फिर्ता सम्प्रेषित **प्रभावित महिला**को अवस्था अनुशरण (Follow-up) गर्ने;

(च) सञ्जालका सामुदायिक सेवा केन्द्रहरूसँग निरन्तर सम्पर्क स्थापना, अन्तरक्रिया र समन्वय गर्ने;

(छ) विभिन्न सेवामा **प्रभावित महिला**को पहुँच स्थापना गर्न जिल्लास्तरीय सेवा-प्रदायकमाफ अधिवाचन एवं सञ्जालीकरण गर्ने;

(ज) प्रत्येक महिना सामुदायिक सेवा केन्द्रतर्फको समेत एकत्रित गरी जिल्लाव्यापी भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार पार्ने र

(झ) सञ्जालको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई **समन्वय समिति**ले तोकेका अन्य कार्य गर्ने ।

### ४.२ सामुदायिक सेवा केन्द्र

सञ्जालमा अग्र-पङ्क्तिको सेवा-बिन्दु सामुदायिक केन्द्र हुनेछ । कार्यक्षेत्रमा विशेषतः महिला संस्था तथा अन्तर्गतका **समिति**, समूहसँग सहकार्य गरी सामुदायिक केन्द्रले देहायका सेवा प्रदान गर्नेछ :

(क) परामर्श बैठक, अन्तरक्रिया, दिवसीय समारोहजस्ता माध्यमबाट घरेलु ज्यादतीविरोधी सामाजिक जागरुकता बढाउने;

(ख) **घरेलु हिंसा**को रोकथामका लागि अनि घटना घटिहालेको खण्डमा छिमेकीका नाताले **प्रभावित महिला**को पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने;

(ग) गम्भीर प्रकृतिको घटना भएको वा खण्ड (ख) बमोजिम पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा **प्रभावित महिला**लाई तत्काल संरक्षणमा लिएर आवश्यकताअनुसार राहत, औषधोपचार एवं सुरक्षित अल्पकालीन आश्रयमा बस्ने-खाने व्यवस्था मिलाउने;

(घ) देहायको अवस्थामा **प्रभावित महिला**लाई जिल्ला सेवा केन्द्रमा सम्प्रेषण गर्ने :

- लागेको चोटपटक स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने भएको;
- मनोसामाजिक विमर्श आवश्यक परेको;
- **प्रभावित महिला**ले प्रचलित कानुनबमोजिमको उपचार चाहेको र
- **समन्वय समिति**ले तोकेको अन्य अवस्था भएको ।

(ङ) प्रचलित कानुनबमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बाटाबारे **प्रभावित महिला**लाई परामर्श दिनुका साथै आवश्यकताअनुसार त्यसमा मद्दत गर्ने;

(च) जिल्ला सेवा केन्द्रबाट फिर्ता सम्प्रेषित **प्रभावित महिला**को अवस्थाअनुसार हकभोग, पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनी अनुशरणलगायतमा यथाशक्य सहजीकरण गर्ने;

(छ) पारिवारिक पुनर्मिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको **प्रभावित महिला**का हकमा **जीविकोपार्जन अनुदान**को रूपमा आर्थिक सहायता दिने;

(ज) जिल्ला सेवा केन्द्रमा सम्प्रेषित **प्रभावित महिला**को निरन्तर सोधीखोजी गरी निजको अवस्थाअनुसार जिल्ला सेवा केन्द्रलाई जो चाहिने सहयोग जुटाउने;

(झ) जिल्ला सेवा केन्द्रले तोकेको ढाँचामा मासिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन गर्ने र

(ञ) सञ्जालको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई **समन्वय समिति**ले तोकेका अन्य कार्य गर्ने ।

## ५. सम्प्रेषण

जिल्ला वा सामुदायिक सेवा केन्द्रको सेवा प्राप्त गर्न **प्रभावित महिला**ले देहायबमोजिम सम्प्रेषकसमक्ष दिएको निवेदनमा सम्प्रेषकको तर्फबाट सिफारिस गरिएको हुनुपर्दछ :

(क) सामुदायिक सेवा केन्द्रका लागि केन्द्रको कार्यक्षेत्रभित्रका महिला संस्था वा अन्तर्गतको **समिति**को तर्फबाट;

(ख) खण्ड (क) मा उल्लिखित **समिति**, संस्था नभएको कार्यक्षेत्रको हकमा केन्द्रसँग समन्वयमा कार्य गरेको सामुदायिक संस्था वा अन्तर्गतको **समिति**को तर्फबाट;

(ग) जिल्ला सेवा केन्द्रका लागि सामुदायिक सेवा केन्द्रको निर्देशन **समिति**ले तोकेबमोजिम सो केन्द्रको तर्फबाट र

(घ) जिल्लाभित्र तर सञ्जालको कार्यक्षेत्रबाहिरका **प्रभावित महिला**को हकमा **समन्वय समिति**को विशेष निर्णयको आधारमा कार्यालयको तर्फबाट ।

सम्प्रेषकको तर्फबाट सामुदायिक वा जिल्ला सेवा केन्द्रमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनुपर्दछ र **प्रभावित महिला**सँगै बालबालिका पनि भए उनीहरूको विवरणसमेत खुलाउनुपर्दछ ।

खास गरी सामुदायिक सेवा केन्द्रबाट जिल्ला सेवा केन्द्रमा सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा **प्रभावित महिला**लाई एक्लै पठाउनुहुँदैन; सामान्यतया एकजना र गम्भीर चोटपटक लागेको भए दुईजनासम्म साथ लगाएर पठाउनुपर्दछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरणसमेत सम्प्रेषण गर्दा खुलाउनुपर्दछ ।

## ६. अवधि

हाल २०७० साउनदेखि २०७१ असारसम्म सेवा सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत भएको छ ।

**प्रभावित महिला**का हकमा त्यस बीच देहायको अवधिसम्म मात्र सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिनेछ :

- सामुदायिक सेवा केन्द्रअन्तर्गत १५ दिनसम्म;
- जिल्ला सेवा केन्द्रअन्तर्गत ३० दिनसम्म र
- विशेष अवस्था परी **समन्वय समिति**ले विशेष निर्णय गरेकोमा जिल्ला सेवा केन्द्रअन्तर्गत थप १५ दिनसम्म ।

जिल्ला सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा **प्रभावित महिला**लाई माथि उल्लिखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ । **प्रभावित महिला**को साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म जिल्ला सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।

उपर्युक्तानुसार जिल्ला सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा बिताएको दिनजति कटाउन सकिनेछ ।

## ७. न्यूनतम मानदण्ड

### ७.१ जिल्ला सेवा केन्द्र

**(क) परिसर**

आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछ :

- चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको;
- हाताभित्र गृहअनुसारको खुल्ला ठाउँ रहेको;
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र
- सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

**(ख) आवास गृह**

आवास गृह देहायका सुविधासम्पन्न हुनुपर्दछ :

- दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरू;
- एकजना भए प्रतिव्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (Room Space);
- प्रत्येकका लागि छुट्टाछुट्टै खाट;
- प्रभावित बालबालिकाका लागि अलग्गै कोठा;
- भुइँमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर;
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष;
- मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room);
- शौचालय तथा स्नान कक्ष;
- [सुविधा उपलब्ध भएका स्थानमा] साझा टेलिफोन र टेलिभिजन;
- ठाउँ हेरी पङ्खा, हिटर;
- स्रोत हेरी पर्याप्त पानी;
- नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;
- तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र
- सुरक्षाका लागि आवश्यकताअनुसार पालो पहरा ।

**(ग) लुगाफाटो**

भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

- दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;
- एक-एक जोर चप्पल र
- नभएकालाई एकसरो लगाउने लुगा ।

**(घ) खानेकुरा**

दैनिक खानेकुराको व्यवस्था निर्देशन **समिति**ले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ :

- विहान चियासँगै हल्का खाजा;
- दिउँसो खाना;

- अपरान्ह पूर्ण खाजासँगै चिया;
- बेलुकी खाना;
- मांसाहारीका लागि सातामा दुईपल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफूल र
- उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

**(ङ) स्वास्थ्योपचार**

**समन्वय समिति**ले तोकेको अस्पतालमा संरक्षणमा लिइएका **प्रभावित महिला**को स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ :

- प्राथमिक उपचार बाकस;
- समस्या हेरी नियमित उपचार;
- आकस्मिक उपचार र
- बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप ।

**(च) मनोसामाजिक विमर्श**

**समन्वय समिति**ले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (Counsellor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

- संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा;
- संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र
- सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

**(छ) कानुनी सेवा**

देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

- **प्रभावित महिला**ले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र
- **प्रभावित महिला**ले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

**(ज) सञ्चालन**

केन्द्रका सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ :

- **प्रभावित महिला**लाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता;
- **प्रभावित महिला**को पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छाविपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;
- आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमतिप्राप्त अनि चिकित्सक, सफाइकर्मीलगायतका अत्यावश्यक व्यक्तिबाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र
- निर्देशन **समिति**ले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।

**(झ) जनशक्ति**

केन्द्रमा महिलालाई प्राथमिकता दिई देहायबमोजिमको पूरै प्रशिक्षित जनशक्ति हुनुपर्दछ :

- केन्द्र प्रमुख एकजना, चौकीदार एकजना र [आंशिक समय] सरसफाइकर्मी आवश्यकताअनुसार र
- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलव्ध हुने गरी सम्पर्कमा ।

(ञ) **अभिलेख**

केन्द्रले देहायबमोजिम अभिलेख राख्नुपर्दछ :

- **प्रभावित महिला**को नाम दर्ता किताप;
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताप;
- **प्रभावित महिला**को व्यक्तिगत गोप्य फाइल;
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात;
- निर्देशन **समिति**को निर्णय किताप;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र
- **समन्वय समिति**ले तोकेको अन्य अभिलेख ।

**७.२ सामुदायिक सेवा केन्द्र**

समुदायस्तरमा सुरक्षित अल्पकालीन आश्रयलगायत केन्द्रबाट प्रदान गरिने सेवाका सम्बन्धमा **प्रभावित महिला**को अधिकतम हित हेरी उपलब्ध स्रोत तथा यो कार्यक्षेत्रगत शर्तमा अन्यत्र लेखिएका कुरासमेतको विचार गरी सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले स्वीकृत गरेको मापदण्ड पालना गर्नुपर्दछ ।

अभिलेखका हकमा भने जिल्ला सेवा केन्द्रतर्फ माथि ७.१(ञ) मा उल्लेख गरिएबमोजिम नै राख्नुपर्दछ ।

## ८. खर्चका मानक

**८.१ जिल्ला सेवा केन्द्र**

जिल्ला सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहायबमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ :

**(क)** **घर भाडा** : केन्द्रका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडाबापत साधारणतया वार्षिक हिमाली वा पहाडी जिल्लामा रु. १ लाख ५० हजार र तराईका जिल्लामा रु. २ लाख ननाघ्ने गरी **समन्वय समिति**ले घर हेरी स्वीकृत गरेको रकम;

**(ख)** **मालसामान** : दच्छेना, पर्दा, खाट, विस्तरा, भाँडाकुँडा, टेलिभिजन, खातापातालगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामानमध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैया क्षमतासमेतको विचार गरी साधारणतया रु. ५० हजार ननाघ्ने गरी **समन्वय समिति**ले औचित्यका आधारमा स्वीकृत गरेको रकम;

**(ग)** **औषधोपचार** : **समन्वय समिति**ले तोकेको अस्पतालमा उपचार गराउँदा [बिरामी तथा कुरुवासमेतको जोडेर] निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. २,००० सम्म;
- अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३०० गरी जम्मा रु. ६,५०० सम्म;
- विशेष अवस्थामा **समन्वय समिति**ले विशेष निर्णय गरेकोमा थप रु. ४,००० सम्म;

**(घ)** **कानुनी उपचार** : एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत [साथीसमेतको जोडेर] निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५०० सम्म;
- विशेष अवस्थामा **समन्वय समिति**ले विशेष निर्णय गरेकोमा थप रु. २,५०० सम्म;

**(ङ) फुटकर** : अल्पकालीन आश्रयमा रहेको दिनजति **प्रभावित महिला**लाई मात्र फुटकर खर्चबापत प्रतिव्यक्ति दैनिक रु. १५;

**(च) फिर्ता सम्प्रेषण** : फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु. ५० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. ३००;

**(छ) खानेकुरा** : अल्पकालीन आश्रयमा रहेको अवधिभरि **प्रभावित महिला** र साथीसमेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु. ३००;

**(ज) मनोसामायिक विमर्श** : **प्रभावित महिला**लाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. १,००० सम्म;

**(झ) व्यवस्थापन खर्च** : जनशक्ति, प्रतिवेदन, सञ्जालीकरण, समीक्षा र केन्द्रका गतिविधिसमेतको खर्चबापत आव २०७०।७१ का लागि रु. २ लाख ३५ हजार ननाघ्ने गरी पुष्ट्याइँका आधारमा औचित्यसमेत हेरी **समन्वय समिति**ले स्वीकृत गरेको एकमुष्ट रकम र

**(ञ) बैठक खर्च** : निर्देशन **समिति**को बैठक सञ्चालन खर्चबापत अधिकतम रु. ३६,००० ।

### ८.२ सामुदायिक सेवा केन्द्र

सामुदायिक सेवा केन्द्रबाट देहायको प्रयोजनमा देहायबमोजिमको खर्चको सीमाभित्र रहेर सेवा प्रदान गर्नुपर्दछ :

**(क) प्राथमिक औषधोपचार** : **प्रभावित महिला**लाई लागेको चोटपटकको तत्काल प्राथमिक उपचार गर्न प्रतिव्यक्ति रु. १,००० सम्म लागेको यथार्थ खर्च;

**(ख) लुगाफाटो** : **प्रभावित महिला**को कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर जाडोले लुगलुग काम्ने अवस्था भएकोमा न्यूनतम रूपमा नभइनहुने धोती, चोलो, चप्पल-जुत्ता, पछ्यौरा, स्वीटर, ओडनालगायतका लुगाफाटो किन्न प्रतिव्यक्ति रु. १,५०० सम्म;

**(ग) खानेकुरा** : संरक्षणमा रहेको अवधिभरि प्रतिव्यक्ति प्रतिदिन दैनिक रु. ३०० सम्म;

**(घ) सम्प्रेषण** : जिल्ला सेवा केन्द्रतर्फ माथि ८.१(च) मा उल्लिखित सीमासम्म;

**(ङ) जीविकोपार्जन अनुदान** : माथि ४.२(छ) मा उल्लिखित अवस्थामा **जीविकोपार्जन अनुदान**बापत प्रतिपरिवार रु. १५ हजार ननाघ्ने गरी सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले उपलब्ध स्रोतसमेतको विचार गरी स्वीकृत गरेको रकमसम्म र

**(च) व्यवस्थापन खर्च** : सुरक्षित अल्पकालीन आश्रयको सुविधाका साथै केन्द्रका सेवाहरूको व्यवस्थापन खर्चतर्फ साधारणतया उपलब्ध स्रोतको २० प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले औचित्यसमेत हेरी स्वीकृत गरेको रकमसम्म ।

## ९. भुक्तानी

### ९.१ जिल्ला सेवा केन्द्र

जिल्ला सेवा केन्द्रको खर्च संझौता भएपछि निर्देशन **समिति**ले निर्णय गरी माग गरेको आधारमा देहायबमोजिम भुक्तानी गरिनेछ :

(क) माथि ८.१(ख) मा उल्लिखित खप्ने मालसामानबापतको रकम सुरु मा एकैमुष्ट;

(ख) माथि ८.१(क) मा उल्लिखित घरभाडाबापतको रकम मासिक र ८.१(ञ) मा उल्लिखित बैठक सञ्चालन खर्चबापतको रकम चौमासिक किस्तामा;

(ग) माथि ८.१(झ) मा उल्लिखित व्यवस्थापन खर्चबापतको रकम मासिक किस्तामा;

(घ) सेवा सञ्चालनको प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरको रकम सुरु मै र

(ङ) **प्रभावित महिला**लाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछि पेस गरेको प्रगति र खर्चको फाँटबारी तथा सोको पुष्टि गर्ने कागजातका आधारमा शोधभर्नास्वरूप ।

### ९.२ सामुदायिक सेवा केन्द्र

सामुदायिक सेवा केन्द्रको प्रयोजनका लागि **समन्वय समिति**ले तोकेको रकम सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले निर्णय गरी माग गरेको आधारमा देहायबमोजिम भुक्तानी गरिनेछ :

(क) जम्मा रकमको ५० प्रतिशतसम्म पहिलो किस्तामा सुरु मै र

(ख) पहिलो किस्तामा प्रदत्त रकमको कम्तीमा ५० प्रतिशत खर्चको फाँटबारी तथा सोको पुष्टि गर्ने कागजातका साथै पेस गरेको प्रगतिका आधारमा दोस्रो किस्तामा बाँकी पूरै रकम ।

## १०. निर्देशन समिति

### १०.१ जिल्ला सेवा केन्द्र

जिल्ला सेवा केन्द्रको सञ्चालनमा मार्गदर्शन प्रदान गर्न, प्रदत्त सेवाहरूको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा-प्रदायकमाझ सहकार्यलाई बढावा दिन समेत **समन्वय समिति**बाट देहायबमोजिमको एक निर्देशन **समिति** गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | प्रमुख महिला विकास अधिकृत/ महिला विकास अधिकृत | – संयोजक |
| (ख) | जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास **समिति**, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला शिक्षा कार्यालयका अधिकृत प्रतिनिधि | – सदस्य |
| (ग) | महिला अधिकारकर्मी, नेपाल बार एसोसिएसन, लैङ्गिक हिंसाविरुद्ध कार्यरत गैससबाट **समन्वय समिति**ले मनोनयन गरेका तीनजना | – सदस्य |
| (घ) | सामुदायिक सेवा केन्द्र सञ्चालक महिला संस्थाका तर्फबाट एक वा दुईजना अध्यक्ष | – सदस्य |
| (ङ) | जिल्ला सेवा केन्द्र सञ्चालक महिला संस्थाका अध्यक्ष | – सदस्य-सचिव |

### १०.२ सामुदायिक सेवा केन्द्र

सामुदायिक सेवा केन्द्रको हकमा सम्बन्धित महिला संस्थाको सञ्चालक **समिति**ले नै निर्देशन **समिति**को कार्य गर्नेछ तर निर्देशन **समिति**को रूपमा डाकिएको सञ्चालक **समिति**को बैठकमा देहायका व्यक्तिलाई नित्य आमन्त्रित गर्नुपर्दछ :

(क) सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्रका महिला संस्थाका अध्यक्षहरू;

(ख) सामुदायिक सेवा केन्द्रको कार्य क्षेत्रका कानूनी उपचार सहायता **समिति** Para Legal Committee का अध्यक्षहरू र

(ग) सञ्चालक **समिति**ले विशेष गरी पुरुष सल्लाहकार, अभियन्ता, शुभचिन्तकहरू मध्येबाट सर्वसम्मतिले मनोनयन गरेका ३-५ जनासम्म ।